# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, साउन १ गते २०४५ साल (अतिरिक्ताङ्क १९ (क)

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०४५ को दफा ६.३ को प्रतिवन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी विदेशबाट पैठारी हुँदाका बखत लाग्ने अग्रिम आयकर देहायका वस्तुहरूमा पूर्ण रूपमा नलिने गरी छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) क. उद्योगहरूले उद्योगको निमित्त पैठारी गर्ने मिल, मेशिनरी, यन्त्र उपकरण, कच्चा तथा सहायक कच्चा पदार्थ र रसायनिक पदार्थ, पेकिङ्ग मेटेरियल तथा बोटल ।

ख. व्यापारिक प्रयोजनको लागि पैठारी भएको माल वस्तु भए पनि नेपालमा स्थापित उद्योगहरूका लागि आवश्यक हुने औद्योगिक कच्चा पदार्थ त्यांई वितरण गर्ने व्यापारिक कम्पनी, जस्तै नेपाल मेटल कम्पनी, ऊल ट्रेडिङ्ग कम्पनी, घरेलु इम्पोरियम, प्लाष्टिक ट्रेडिङ्ग कम्पनी आदि जस्ता कम्पनीले पैठारी गर्ने औद्योगिक कच्चा पदार्थ ।

(२) मुनाफाको उद्देश्यले स्थापना भएको देखि बाहेक गैन्ह व्यापारिक सार्वजनिक संघ संस्थानहरूले पैठारी गरिने माल वस्तु ।

(३) श्री ५ को सरकार तथा विदेशी संघ संस्थाबीच सम्झौता भई ऋण तथा अनुदान सहयोगअन्तर्गत सञ्चालित आयोजनाको लागि ठेकेदारहरूले पैठारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने र आयोजनाको काम सकिएपछि फिर्ता लैजाने शर्तमा पैठारी गर्ने आयोजनाको काममा प्रयोग हुने सामान ।

(४) नेपालमा स्थापित गार्मेण्ट इण्डष्ट्रिजहरूको लागि पैठारी हुने कच्चा पदार्थ ।

(५) औषधि, वेबी मिल्क फुड, चिनी, चामल, पिठो, जइफापर, मकै, गहुं, खाडसारी, मिश्री, सख्खर जस्ता खाद्य पदार्थ ।

(६) दैनिक उपभोग हुने हरियो सागपात आलु, प्याज लगायत सबै प्रकारका तरकारी ।

(७) नून ।

(८) किताब, म्यागजिन, पत्रिका ।

(९) जीवित जनावर, चरा–चुरूङ्गी ।

(१०) जीरा, मरिच, सुकमेल, जाईफल, केशरी, ल्वाङ, आदि गरम मसलामा प्रयोग हुने वस्तु ।

(११) सबै प्रकारका फलफूलहरू (व्यापारिक प्रयोजनका लागि ट्रकमा आउने बाहेक) र फलफूलका बोट–बिरूवाहरू ।

(१२) सबै प्रकारका माछा, मासु आदि (टीन प्याक वा प्याकेटबन्दी बाहेक)

(१३) सूती धागो ।

(१४) मलखाद ।

(१५) नेपाल टु नेपाल पैठारी हुने मालवस्तु ।

(१६) कपास ।

(१७) मर्मतको लागि लगेको सामान मर्मत भै पैठारी भएकोमा ।

(१८) अस्थायी पैठारी भन्सार महशूल लाग्नेमा ।

(१९) व्यक्तिगत आयात इजाजतपत्रबाट पैठारी हुने मोटर, मोटर साईकल, टी. भी. डेक, फोटोकपी मेशिन आदि एक परिमाणसम्म (निजी प्रयोगको लागि मात्र) ।

(२०) दलहन (दाल) ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।